
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर ९ गते शुक्रबार ❑ 25 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकी प्रदेशको अधिकांश क्षेत्रको मतगणना

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ मंसिर**

गण्डकी प्रदेशका प्रतिनिधिसभाअन्तर्गत १८ निर्वाचन क्षेत्र र प्रदेशसभाअन्तर्गत ३६ निर्वाचन क्षेत्रमध्ये अधिकांशको नतिजा सार्वजनिक भएको छ । स्याङ्जाको क्षेत्र नं २ मा मतगणना विवादका कारण स्थगित छ भने केहीमा गणना जारी छ ।

कूल ११ जिल्लामा समेटिएको गण्डकीका तीन निर्वाचन क्षेत्र रहेको कास्कीमा अधिकांश स्थानमा नेकपा (एमाले) विजयी भएको छ । प्रतिनिधिसभा सदस्यका लागि कास्कीको निर्वाचन क्षेत्र नं १ मा मनबहादुर गुरुङको अग्रता छ। क्षेत्र नं २ र ३ मा एमालेका क्रमशः विद्या भट्टराई र दामोदर बैरागी निर्वाचित हुनुभएको छ।

प्रदेशसभातर्फ निर्वाचन क्षेत्र नं १ को (१) मा एमालेका खगराज अधिकारीको अग्रता छ भने (२) मा एमालेका बेदबहादुर गुरुङ (श्याम) निर्वाचित हुनुभयो। निर्वाचन क्षेत्र नं २ को (१) र (२) मा एमालेका भीम कार्की र कांग्रेसका विन्दुकुमार थापा निर्वाचित हुनुभएको छ । त्यस्तै निर्वाचन क्षेत्र नं ३ को(१) मा कांग्रेसका प्रकाश बरालको अग्रता छ। प्रदेश (२) मा एमालेका गणेशमान गुरुङ विजयी हुनुभएको छ । तनहुँको क्षेत्र नं १ र २ मा प्रतिनिधिसभा सदस्यमा कांग्रेसका रामचन्द्र पौडेल र शङ्कर भण्डारी विजयी हुनुभएको छ । क्षेत्र नं १ को प्रदेशसभा (१) र (२) मा क्रमशः कांग्रेसका अशोक श्रेष्ठ र माओवादीका हरिबहादुर चुमान विजयी हुनुभएको छ भने क्षेत्र नं २ को (१) मा एमालेका श्यामराजा महत र कांग्रेसका जितप्रकाश आले विजयी हुनुभएको छ।

बागलुङको निर्वाचन क्षेत्र नं १ र २ मा प्रतिनिधिसभा सदस्यमा क्रमशः राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी र नेकपा (माओवादी केन्द्र)का देवेन्द्र पौडेल विजयी हुनुभएको छ । क्षेत्र नं १ को प्रदेशसभा (१) र (२) मा कांग्रेसका दीपेन्द्रबहादुर थापा र डिल्लीराम सुवेदी निर्वाचित हुनुभएको छ । क्षेत्र नं २ को प्रदेशसभा (१) र (२) मा कांग्रेसकै जित शेरचन र दोर्ण कुँवर विजयी हुनुभएको छ । गोरखाको निर्वाचन क्षेत्र नं १ र २ मा प्रतिनिधिसभा सदस्यमा क्रमशः कांग्रेसका राजेन्द्र बजगाईं र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल 'प्रचण्ड' विजयी हुनुभएको छ । क्षेत्र नं १ को प्रदेशसभा (१) र (२) मा क्रमशः माओवादी केन्द्रका कृष्ण धिताल र कांग्रेसका नन्दप्रसाद न्यौपाने विजयी हुनुभएको छ भने क्षेत्र नं २ को (१) र (२) मा क्रमशः नेपाल समाजवादीका फणिन्द्र देवकोटा र कांग्रेसका सुरेन्द्रराज पाण्डे विजयी हुनुभएको छ।

नवलपुरको निर्वाचन क्षेत्र नं १ र २ मा प्रतिनिधिसभामा कांग्रेसका क्रमशः डा शशाङ्क कोइराला विजयी हुनुभएको छ भने विष्णु कार्कीको अग्रता छ। क्षेत्र नं १ को प्रदेशसभा (१) र (२) मा क्रमशः कांग्रेसका महेन्द्रध्वज जिसी र एमालेका रोशनबहादुर गाहा विजयी हुनुभएको छ । क्षेत्र नं २ को (१) र (२) मा क्रमशः एमालेका पद्मा जिसी र लक्ष्मणबहादुर पाण्डे विजयी हुनुभएको छ।

लमजुङमा प्रतिनिधिसभा सदस्यमा एमालेका पृथ्वीसुब्बा गुरुङ, प्रदेशसभा (१) मा कांग्रेसका टकराज गुरुङ र (२) मा भेषबहादुर पौडेल विजयी हुनुभएको छ । यस्तै पर्वतको प्रतिनिधिसभा सदस्यमा एमालेका पदम गिरी, प्रदेशसभा (१) र (२) मा एमालेका भक्त कुँवर र मित्रलाल बस्याल विजयी हुनुभएको छ । हिमालपारीको जिल्ला मुस्ताङमा प्रतिनिधिसभा सदस्यमा कांग्रेसका योगेश गौचन, प्रदेशसभा (१) मा कांग्रेसका नम्डु गुरुङ र (२) मा विकल शेरचन विजयी हुनुभएको छ । मनाङमा प्रतिनिधिसभा सदस्यमा कांग्रेसका टेकबहादुर गुरुङ, प्रदेशसभा (१) मा कांग्रेसका मुनिन्द्रजङ्ग गुरुङ र (२) मा यसअघि नै राजीव गुरुङ (दीपक मनाङे) निर्विरोध निर्वाचित भइसक्नुभएको छ । यस्तै म्याग्दीमा प्रतिनिधिसभा सदस्यमा कांग्रेसका खम्बिर गर्बुजा, प्रदेशसभा (१) मा माओवादीका हरि भण्डारी र (२) मा रेशमबहादुर जुग्जाली निर्वाचित हुनुभएको छ।

स्याङ्जाको निर्वाचन क्षेत्र नं १ मा कांग्रेसका राजु थापाको अग्रता छ। प्रदेशसभा (१) मा एमालेकी सीता सुन्दास विजयी हुनुभयो भने (२) मा कांग्रेसका बुद्धिबहादुर राना (कुमार)को अग्रता छ।

## विद्याद्धारा स्व.रविन्द्रको शालिकमा माल्यार्पण

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ मंसिर**



कास्की निर्वाचन क्षेत्र नं. २ प्रतिनिधि सभा सदस्यमा निर्वाचित एमाले नेत्री विद्या भट्टराई अधिकारी बिहीबार पोखरा १८ जामुनाबोटमा पुगेर स्व.रविन्द्र अधिकारीको शालिकमा माल्यार्पण गर्नुभयो ।

मंसीर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनमा विजयी भएसंगै उहाँ जामुनाबोटस्थित राष्ट्रिय विभूति तथा सहिद पार्कमा पुगेर पति रविन्द्रको पूर्णकदको शालिकमा माल्यार्पण गर्नुभएको हो । २०७६ साल फागुनमा तत् कालिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्रको हेलिकप्टर दुर्घटनामा परि निधन भएपछि उपनिर्वाचनमा विजयी भट्टराई दोश्रो पटक प्रतिनिधि सभा सदस्य पदमा निर्वाचिन हुनु भएको हो । सो अवसरमा निर्वाचन क्षेत्र २(क) बाट निर्वाचित प्रदेश सभा सदस्य भिमबहादुर कार्की लगायत एमालेका नेता तथा कार्यकर्ताले विकास प्रेमी नेता स्व. रविन्द्रको शालिकमा पुष्पार्पण गर्दै भावपूर्ण श्रद्धासुमन अर्पण गर्नुभएको थियो ।

त्यसैगरि उहाँहरुले आजै पोखरा १६ बाटुलेचौरस्थित जननेता मदन भण्डारी र जिवराज आश्रितको अर्धकदको शालिक, महेन्द्रपुलमा रहेको जनआन्दोलनका सहिद भिमसेनदाहाल,मुस्ताङचोकस्थित कम्यूनिष्ट नेता चित्रबहादुर गुरुङ, पोखरा ७ राष्ट्रबैंकचोकस्थित सहिद झपिन्द्र कार्कीको शालिकमा माल्यार्पण सहित भावपूंर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको हो ।

## कास्की-२ (२) मा कांग्रेसका विन्दुकुमार विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ मंसिर**



प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ अन्तर्गत कास्की-२(२) मा नेपाली कांग्रेसका विन्दुकुमार थापा विजयी हुनुभएको छ।

बिहीबार बिहान सम्पन्न मतगणनामा कांग्रेसका थापाले नौ हजार दुई सय ८० मत ल्याएर गण्डकी प्रदेशसभामा विजयी हुनुभएको हो । उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी( एमाले)का उम्मेदवार मीना गुरुङले सात हजार नौ सय ७१ मत ल्याउनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अरुण गिरीले तीन हजार नौ सय तीन र नेपाल सुशासन पार्टीका कृष्ण भुजेलले तीन सय ६६ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। यसैगरी मङ्गोल नेशनल अर्गनाइजेशनका लक्ष्मण विश्वकर्माले दुई सय ६६, जनता समाजवादी पार्टीका धनबहादुर परियारले दुई सय एक, स्वतन्त्र उम्मेदवारहरू श्रमिक घर्ती क्षेत्रीले चार सय ६५, मोनिका तामाङले ५२ र लिलमाया पुन गुरुङले ३२ मत ल्याउनुभएको छ।

## यही व्यवस्थाभित्र रहेर अवस्था परिवर्तन गर्ने सङ्कल्प छ : अध्यक्ष लामिछाने

**रासस**
**चितवन, ८ मंसिर**



राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले यही व्यवस्थाभित्रै रहेर अवस्था परिवर्तन गर्ने आफ्नो सङ्कल्प रहेको बताउनुभएको छ।

चितवन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा विजयी भएपछि सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै उहाँले अहिलेको संविधान र व्यवस्थाभित्र रही जनताको अवस्था बदल्ने गरी काम गर्ने बताउनुभयो ।

"हाम्रो विजय देशमा परिवर्तन चाहने आम दाजुभाई तथा दिदीबहिनीको हो", उहाँले भन्नुभयो । संसद्मा राष्ट्रिय स्वतन्त्र पार्टीलाई जिम्मेवार दलका रुपमा अगाडि बढाउने उहाँको भनाइ छ।

"मुलुक र नागरिकको हित के गर्दा हुन्छ भन्ने विषयमा जिम्मेवार भएर प्रस्तुत हुन्छौं", उहाँले भन्नुभयो, "अघिल्लो पुस्तासँग भएको निराशा र हामीसँग भएको आशा एवं अपेक्षाकामा खरो उत्रनेछौं।" उहाँले अहिलेनै सरकारमा जाने वा नजाने भन्ने विषयमा टुङ्गो नलागेको बताउनुभयो। "पार्टीको बैठकबाट यसबारे निर्णय गर्छौं", उहाँले भन्नुभयो, "एक सय दिनमा एक सय युवा स्वदेश फर्काउने चुनावी ऐजेण्डा कार्यान्वयनमा ल्याउने छौं ।" उहाँले जुन कुरा आम नागरिकको हितमा हुन्छ आफू त्यसको पक्षमा हुने बताउनुभयो। "मैले कहिँकतै बाटो बिराए भने खबरदारी गर्नुहोला, मलाई मतदान गरी विजयी गराउने सबैमा आभार व्यक्त गर्दछु", उहाँले भन्नुभयो।

चितवन क्षेत्र नं २ मा भारी मतका लामिछाने निर्वाचित हुनुभएको छ। लामिछानेले ३४ हजार एक सय ६२ मतान्तरले निर्वाचित हुनुभएको निर्वाचन आयोगले जनाएको छ । तर औपचारिक घोषणा भने हुन बाँकी छ। उहाँले ४९ हजार दुई

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## कास्कीमा विद्याको दोस्रो जित

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ मंसिर**



नेकपा एमालेका विद्या भट्टराई दोस्रोपटक कास्की क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ।

भट्टराईका श्रीमान् तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीको हेलिकोप्टर दुर्घटनामा निधन भएपछि पार्टीले उहाँलाई उपनिर्वाचनमा उम्मेदवार बनाएको थियो । उहाँ उपनिर्वाचनमा पनि विजयी हुनुभएको थियो । त्रिभुवन विश्वविद्यालयको उप-प्राध्यापकबाट राजीनामा दिएर शोकलाई शक्तिमा बदल्ने अठोटका साथ चुनावमा होमिएकी भट्टराईं सो उपनिर्वाचनमा पनि विजयी हुनुभएको थियो । आसन्न निर्वाचनमा पनि उहाँका अगाडि चुनौती नभएको होइन। एकातर्फ सत्ता गठबन्धनका विपक्षमा लड्नुपर्ने र अर्कातर्फ स्वतन्त्र उम्मेदवारको बढ्दो मतको चुनौती उहाँका अगाडि थियो। तर पनि आफ्ना निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय स्वतन्त्र पार्टीका माधवप्रसाद कँडेलको भन्दा चार हजार पाँच सय बढी मतान्तरले उहाँ विजयी हुनुभयो । शान्त स्वभावले विपक्षीहरुको पनि मन जित्न सकेको उहाँका नजिकका राजनीतिकर्मीहरु बताउँछन् । किशोरावस्थाबाटै आफूलाई परिवर्तनको पक्षमा उभ्याउन सफल उहाँले स्वर्गीय रवीन्द्र अधिकारीका अधुरा सपना पूरा गर्ने अठोटमा हुनुहुन्छ। अनेरास्ववियुको केन्द्रीय कमिटी सचिवको जिम्मेवारी पूरा गर्नुका साथै महिला, बुद्धिजीवी हुँदै पार्टीको केन्द्रीय विभागमा रहेर काम गर्नुभएका उहाँ हाल नेकपा एमालेको केन्द्रीय सदस्य हुनुहुन्छ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपासा भोजनालयले 'रैथाने भोजन सप्ताह तथा मःम जात्रा' गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ मंसिर**



पर्यटकीय नगरी पोखरामा पर्यटन प्रवर्द्धनका लागि सप्ताहव्यापी "रैथाने भोजन सप्ताह अनि मःम जात्रा" २०७९ आयोजना हुने भएको छ।

नेपाली खाना, जीवन शैली र संस्कृतिलाई विश्वव्यापी प्रवर्द्धन गर्न हेतुले नेपासा भोजनगृहको चौथो वार्षिकोत्सवको अवसरमा मंसिर १० गतेदेखी सो कार्यक्रमको आयोजना गर्न लागिएको नेपासाका संचालक एवम कर्याक्रमका संयोजक तथा पाकशास्त्री कुश बहादुर भुजेलले पत्रकार सम्मेलनमा जानकारी दिए। कुनै पनि क्षेत्रको मौलिकता र पहिचानमा स्थानीय खानको पनि महत्वपूर्ण भूमिका हुने र यसलाई ब्राण्डिङ गर्न सके पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने विश्वसा सहित कार्यक्रमको आयोजना गर्न लागिएको उनको भनाइ थियो। भुजेलले स्थानीय रुपमा उपलव्ध हुने खाद्यान्न लगायतका वस्तुको सदुपयोग गर्दै स्वरोजगारको सृजना गरी आर्थिक रुपान्तरणमा सहयोग पुग्ने लक्ष्य लिईएको बताए।

कार्यक्रमका नेपाल टुरिजम एण्ड होटल मेनेजमेन्ट कलेजका प्रिन्सिपल प्रकाश रेग्मीले पोखरा आउने पर्यटकहरुले प्रकृति, संस्कृति तथा साहसिक गतिविधिका लागि आउने गरेको जनाउँदै अब थप प्रवर्द्धन गर्न यहाँको रैथाने खानालाई जोड दिएर ब्राण्डिङ गर्न सकिने बताए। उनले विभिन्न थाइ, इटाली लगायतका देशहरुका खाना अन्तराष्ट्रिय रुपमै ब्राण्डिङ भएको जनाउँदै नेपाली रैथाने खानका स्वादलाई पनि विविधता दिन सके पर्यटनको रोजाइमा पर्ने धारणा राखे। पोखरा पर्यटन परिषदका उपाध्यक्ष कृष्ण भण्डारीले नेपालमा पर्यटन प्रवर्द्धनको लागि विभिन्न आयामबाट जोडन सकिने बताए। उनले नेपासाले रैथाने खानाका स्वादिष्ट परिकारका सप्ताहव्यापी कार्यक्रम गर्नु निकै प्रशंसनीय भएको जनाउँदै पर्यटकले नेपालको विविध सांस्कृतिक विविधतालाई मन पराउने भएकाले यसै अनुसारको रैथाने खानाका परिकारमा पनि जोड दिन सके पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने विश्वास व्यक्त गरे।

पाकशास्त्री सन्दिप खत्री नेपालकारैथानेपरिकारकोब्राण्डिङ हुन नसक्दा विदेशी मेनुहरु मात्र हरेक होटल रेष्टुरेन्टमा हुने गरेको बताए। उनका नेपालमा उत्पादित कोदो, गहुँ लगायतका अन्नबालि, फलफुल, तरकारीहरु बाट थुप्रै प्रकारका खाना तयार गर्न सकिने तर यस तर्फ सरोकारवालाहरुले अझै चासो दिन नसक्दा विदेशी स्वादलाई मात्र हरेक होटल रेष्टुरेण्टमा पस्किने गरेको बताए। उनले यो सप्ताहव्यापी कार्यक्रमले रैथाने खानाको स्वाद र परिकारलाई प्रचारप्रसार गर्न सघाउ पुग्ने विश्वास व्यक्त गरे।

रैथाने परिकारहरुमा पूर्वि नेपालका राई लिम्वु जातीका खाना, सून्य क्यालोरीका मःम लोप हुँदै गरेका नेवारी खाना, प्राचिन शासक वर्गका रेसिपी, सिस्नोको आईसक्रिम, सयपत्री फूलको सस लगायतका रहने संयोजक भुजेले बताए। यसका साथै क्वाँटी मःम, १५ प्रकारका अन्य मःम, स्पेशल बिबि क्यू लगायतका परिकारहरु रहने भएका छन्। उनका अनुसार यो सप्ताहव्यापी कार्यक्रममा र प्रख्यात सेफहरुको प्रत्यक्ष सहभागितामा रैथाने खानाका परिकारहरु बनाउने र तिनका बारेमा जानकारी दिईने छ।

इभेन्टमा सहभागि हुनेहरुका लागि गोलाप्रथाद्वारा विजेता बन्ने दुई जनालाई लेकसाईडस्थित होटल रानीबन आर्केडमा १ रात दुई दिन खाना बस्नको सुविधा दिईने भएको छ। साथै फेवातालमा डुंगा सयर गराईने भएको छ। कार्यक्रम अवधिमा ग्यास्ट्रोनोमी एशोशिएसन अफ सेफ संस्थाले प्रमाण पत्र वितरण गर्ने, उत्तम अभियानको रनिङ टर्च पासको अवधारणा शुरु गरिने भएको छ। सोहि अवसरमा प्रशान्त खनालद्वारा लिखित पुस्तक 'टिमुर' को विमोचन र संचारकर्मी दीपेन्द्र पहारीद्वारा लिखित 'हिप्पी टुरिजम' पुस्तकको विमोचन गरिनेछ।

# लमजुङमा पृथ्वीसुब्बा विजयी

**पोखरापत्र संवाददाता**
**लमजुङ, ८ मंसिर**

लमजुङको प्रतिनिधिसभा सदस्यतर्फ नेकपा (एमाले) का उपमहासचिव पृथ्वीसुबा गुरुङ विजयी हुनुभएको छ।

उहाँका निकटतम प्रतिद्वन्द्वी गठबन्धनतर्फबाट नेकपा (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङलाई तीन हजार एक सय ८८ मतान्तरले पछि पार्दै एमालेका पृथ्वीसुब्बा विजयी हुनुभएको हो। जिल्ला



निर्वाचन कार्यालयका प्रमुख नारायणप्रसाद सापकोटाका अनुसार विजयी पृथ्वीसुब्बाले ३४ हजार नौ सय ६९ मत प्राप्त गर्नुभएको छ। पराजित गुरुङले ३१ हजार सात सय ८१ मत प्राप्त गर्नुभएको छ। कूल एक लाख ३३ हजार पाँच सय ५९ मतदाता रहेकामध्ये ८० हजार एक सय ९२ मत खसेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

एमाले नेता पृथ्वीसुब्बा विसं २०६४ मा तत्कालीन लमजुङ क्षेत्र नं २ बाट नेपाली कांग्रेसका दिलबहादुर घर्तीलाई हराउँदै विजयी हुनुभएको थियो। विसं २०७४ मा लमजुङ प्रदेश '२' बाट गुरुङ आठ हजार चार सय एक मतान्तरले विजयी हुनुभएको थियो।

गुरुङले २३ हजार एक सय ८८ मत प्राप्त गर्दा प्रतिस्पर्धी कांग्रेसका उम्मेदवार कृष्णप्रसाद कोइरालाले १५ हजार एक सय २२ मत प्राप्त गर्नुभएको थियो। नेता गुरुङ विसं २०४८ यताका प्रत्येक संसदीय निर्वाचनमा सहभागी हुँदै आउनुभएको छ।


## कर्मचारी आवश्यकता

**विज्ञापन नं.: NLB २०७९/८०-०३**
**पहिलो प्रकाशनः मंसिर १, २०७९ (नोभेम्बर १७, २०२२)**

विपन्न समुदाय र जैविक विविधता सहयोगी संस्था, नेपाल (नेलम्बो, नेपाल) गैर सरकारी, नाफा रहित सामाजिक संस्था हो। यस संस्थाले गण्डकी प्रदेशमा स्वास्थ्य, शिक्षा, वातावरण र सामाजिक विकासका क्षेत्रहरुमा आफ्ना कृयाकलापहरु संचालन गर्दै आइरहेको छ। नेलम्बो, नेपालका विभिन्न कार्यक्रमहरु मध्ये गुणस्तरीय शिक्षा पनि एक मुख्य कार्यक्रम हो, जस अन्तर्गत यस संस्थाले शिक्षक शिक्षकाहरूलाई तालिम, विपन्न बालबालिकाहरुलाई छात्रवृत्ति, शिक्षक सहयोग, विद्यालयहरुमा युरो-गार्ड वितरण साथै शैक्षिक तथा खेलकुद सामग्रीहरु वितरण गर्दै आईरहेको छ। प्रारम्भिक बाल विकास कार्यक्रमको लागि शैक्षिक परामर्श अभिभावक/कानूनी अभिभावक/सम्बन्धित व्यक्तिहरूलाई बच्चाहरूलाई हुर्काउन सहयोग गर्ने उद्देश्यले सुरु गरिएको हुँदा १४ मंसिर २०७९ (३० नोभेम्बर २०२२) बेलुका ५ बजेभित्र उल्लेखित कागजातहरु सहित निवेदन पेश गर्न आव्हान गरिन्छ। म्याद समाप्ती पश्चात् र रित नपुगेको निवेदन उपर कुनै सुनवाई हुने छैन।

| क्र.सं. | पद | आवश्यक संख्या | आवश्यक न्युनतम योग्यता | आवश्यक कागजातहरुः |
|---|---|---|---|---|
| १. | Educational Supervisor-Female | १ जना | • सम्बन्धन प्राप्त शिक्षण संस्थाबाट न्यूनतम स्नातक तह उत्तीर्ण भई कम्तिमा २ वर्ष परामर्श सम्बन्धी अनुभव भएको<br>• मन्टेश्वरी व्यवस्थापन र तालिम सम्बन्धी अनुभव भएको<br>• सानो उमेरका बच्चाहरुको मनोविज्ञान बुझी सोही अनुसार व्यवस्थापन गर्न सक्ने<br>• राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था संग समन्वय गर्न सक्ने क्षमता भएको<br>• बाल अधिकार र बाल संरक्षण नीतिको ज्ञान भएको | • निवेदन पत्र<br>• नागरिकताको प्रतिलिपि<br>• बायो डाटा<br>• शैक्षिक र कार्य अनुभवका प्रमाणपत्रहरु |

**कार्य विवरणः**
✦ बाल स्वास्थ्य र पोषण सम्बन्धी अभिभावक/सम्बन्धित व्यक्तिहरूलाई परामर्श दिने।
✦ परिवारका सदस्यहरूलाई उनीहरूले बच्चाको विकासको लागि के गर्न सक्छन् भनेर शिक्षा दिने।
✦ अभिभावक/सम्बन्धित व्यक्तिहरूलाईसँग मिलेर उनीहरूको बच्चाको प्रगतिको बारेमा छलफल गर्ने, र बालबालीकाको विकासका लागी उनीहरूको स्रोत साथै आवश्यकताहरू निर्धारण गर्ने।
✦ अभिभावक/सम्बन्धित व्यक्तिहरूलाई अभिभावकत्वको शैलीमा सल्लाह दिने।
✦ घरेलु दुर्व्यवहार वा बालबालिकाको विकासलाई असर गर्ने अन्य पारिवारिक समस्याहरू समावेश भएका घटनाहरू पहिचान गर्ने।
✦ घरेलु र अन्तर्राष्ट्रिय संगठन संग सम्बन्ध कायम गर्ने।

**अन्य जानकारीः**
१. आवेदन तल प्रदान गरिएको इमेल मार्फत वा कार्यालयमा पेश गर्न सकिन्छ। छनोट गरिएका उम्मेदवारहरूलाई मात्र सम्पर्क गरिनेछ।
२. नेलम्बो, नेपालले कुनै कारण नदिई अन्तिम निर्णय पछि पनि केही वा सबै आवेदनहरू अस्वीकार गर्ने अधिकार राख्छ।
३. शुक्रवार र शनिबार कार्यालय बन्द रहनेछ।

**नेलम्बो, नेपाल**
**पोखरा- ०४, गैह्रापाटन**
**फोन नं.: ०६१-६२२७२७**
ईमेलः info@nelumbonepal.org


# तीन निर्वाचन क्षेत्रको मतगणना बाँकी

**रासस**
**काठमाडौं, ८ मंसिर**

गत आइतबार सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मतगणना अझै तीन जिल्लाका तीन निर्वाचन क्षेत्रमा हुन बाँकी रहेको छ।

बाजुरा, स्याङ्जा र दोलखाका तीन निर्वाचन क्षेत्रमा मगतणना हुन बाँकी रहेको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो।

निर्वाचनका बारेमा उठेका प्रश्नको निरुपणका लागि अनुसन्धान भइरहेकाले ती क्षेत्रमा मतगणनामा केही ढिलाइ भएको उहाँको भनाइ छ। कूल एक सय ६५ निर्वाचन क्षेत्रमध्ये एक सय ६२ स्थानमा मतगणना जारी छ। आयोगका अनुसार हालसम्म ५३ स्थानको नतिजा आइसकेको छ।

आयोगको प्रणालीमा प्रविष्ट तथ्याङ्कअनुसार नेपाली कांग्रेस १९, नेकपा (एमाले) १२, नेकपा (माओवादी केन्द्र) छ, नेकपा (एकीकृत समाजवादी) चार, राष्ट्रिय प्रजातन्त्र पार्टी तीन र अन्य दल तथा उम्मेदवार आठ स्थानमा विजयी भएका छन्।

# यही...

सय ६१ मत प्राप्त गर्नुभएको छ भने उहाँका निकटतम प्रतिस्पर्धी लोकतान्त्रिक वाम गठबन्धनका तर्फबाट उमेश श्रेष्ठले १५ हजार ९९ मत प्राप्त गर्नुभएको छ। सोही क्षेत्रमा नेकपा (एमाले)का कृष्णभक्त पोखरेलले १४ हजार छ सय ४९ मत प्राप्त गर्नुभएको थियो।

यस क्षेत्रमा ६७.३ प्रतिशत अर्थात् ८४ हजार तीन सय १५ मत खसेको थियो। लामिछानेलाई निकटतम् प्रतिस्पर्धी प्रधानमन्त्री कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले बधाई दिनुभएको छ। सो क्रममा लामिछानेले छलफल गरी आफू अघि बढ्ने बताउनुभयो।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# विधुतीय प्रणालीको खाँचो

निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेश सभा सदस्यको मत गणना जारी राखेको छ। तराई, पहाडी र हिमाली जिल्लाको मतगणना चलिरहेको छ। अहिलेसम्म ८५ निर्वाचन क्षेत्रको मतपरिणाम घोषणा भएको छ । केही ठाउँको पुन मतदान गर्नुपर्ने भएको छ। केही बुथ कब्जा गरेको ठाउँमा फेरि मतदान गर्नुपर्ने अवस्था छ। केहीले ठाउँको बुथमा पुन मतदान नगरेमा भविष्यमा नकारात्मक जानेछ । निर्वाचन आयोगले जनमतको ठाडो अपमान हुने काम रोकेर कब्जा भएका बुथमा पुन मतदान घोषणा भएमा आयोगको विश्वास बढ्नेछ। अहिले धिमा गतिमा भएको गणनालाई छिटो सक्ने तर्फ आयोगको पहल आवश्यक छ। आयोगले १२ गतेसम्म नतिजा निकाल्ने भनेको छ। त्यो पनि निकै लामो समयको सीमा हो । मतगणना सुस्त र उत्साहहीन हुनुको पछाडि यसको प्रक्रिया हो। यही गतिमा गणना हुने हो भने सबै नतिजा आयोगले भनेको समय सीमामा आउला भन्न सकिने स्थिति देखिन्न ।

स्थानीय तह निर्वाचनमा वडासदस्यदेखि प्रमुखसम्मका उम्मेदवारहरू हुँदा मतगणना केही न केही अप्ठेरो थियो । यसपालिको निर्वाचनमा उम्मेदवार नभएका पार्टीको चिह्नसमेत नराखी केही झन्झट आयोगले कम गरेको छ। अर्कोतर्फ उम्मेदवारहरूको संख्या पनि कमै छ । प्रदेश, प्रतिनिधिसभा र समानुपातिकका मतपत्र पनि छुट्टाछुट्टै छन्। यसर्थ गणना सजिलो हुनुपर्ने हो । तर गणनाको गति भने अपेक्षित छैन। थुप्रै त्यस्ता निर्वाचन क्षेत्र छन्, जहाँ दुई दिनमा पनि गणना सुरु भएन ।

मतगणनाको जिम्मेवारी आयोगले तोकेका निर्वाचन अधिकारीलाई गणनाका कमजोरी पन्छाएर आयोग उम्कन पाउँदैन । प्रत्यक्ष र समानुपातिकतर्फका मत एकैचोटि गणना गर्नुपर्दा ढिलाइ भएको भन्नु पनि उचित जवाफ हुँदैन । आवश्यक मात्रामा कर्मचारी वा गणकको व्यवस्था गरेर आयोगले गणनालाई छिटो गर्न सक्नुपर्छ । गणना प्रक्रिया अति झन्झटिलो शैलीको छ। प्रत्येक मतपत्र दल वा उम्मेदवारका प्रतिनिधिलाई देखाउँदै गन्नुपर्ने हुन्छ । त्यसैमा दलका प्रतिनिधिले किचलो थाप्छन्। बदर र सदर मतको विवादले पनि ढिलाइ गराउँछ। मतगणना छिटो र छरितो गर्ने एउटै उपाय भनेको विद्युतीय मतदानबाहेक केही हुन सक्दैन । विद्युतीय मतदान आउँदा निर्वाचनको तयारी पनि पहिल्यैदेखि गर्नुपर्छ । अत्यन्त अवैज्ञानिक पाराको प्रणाली हटाउन नयाँ दलले सशक्त दबाब दिएमा पुराना दलपनि तयार हुनेछन् ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गोरखाबाट अध्यक्ष दाहाल निर्वाचित

पोखरापत्र संवाददाता
गोरखा, ८ मंसिर

गोरखा-२ बाट प्रतिनिधिसभा सदस्यमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' भारी मतले विजयी हुनुभएको छ ।

बिहीबार बिहान सम्पन्न भएको मतगणनाको अन्तिम मतपरिणामअनुसार अध्यक्ष दाहालले २६ हजार एक सय तीन मत ल्याएर विजयी हुनुभएको हो ।उहाँले आफ्ना निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार कविन्द्र बुर्लाकोटीलाई १३ हजार चार सय ६६ मतले पछाडि पार्दै विजयी हुनुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । बुर्लाकोटीले कूल १२ हजार छ सय ३७ मत प्राप्त गर्नुभएको छ ।

दाहालको प्रतिस्पर्धामा आउने आँकलन गरिएका नेपाल कम्युनिष्ट पार्टी एमालेका अब्दुस सलाम मियाँ भने तेस्रो स्थानमा रहनुभएको छ ।

उहाँले सात हजार तीन सय ९३ मत प्राप्त गर्नुभएको सहायक निर्वाचन अधिकृत शिव रेग्मीले जानकारी दिनुभयो । गोरखा क्षेत्र नम्बर २ मा कूल ५३ हजार नौ सय ७८ मत खसेको थियो ।

# मिलीजुली सरकार बनाउनुपर्ने अवस्था आयो- अध्यक्ष ओली

रासस
काठमाडौं, ८ मंसिर

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले अब मुलुकमा मिलीजुली सरकार निर्माण गर्नुपर्ने अवस्था आएको बताउनुभएको छ ।

झापा क्षेत्र नं ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित ओलीले झापाको दमकस्थित निर्वाचन आयोगमा प्रमाणपत्र ग्रहण गर्दै सो धारणा राख्नुभएको हो ।

पूर्वप्रधानमन्त्री ओलीले नेकपा (एमाले)ले मुलुकमा स्थिरता, स्थायित्व कायम गर्न खोजेको तर त्यसअनुसार निर्वाचनको परिणाम भने नआएकाले मिलीजुली सरकार बनाउनेतर्फ राजनीतिक पार्टी लाग्नुपर्ने अवस्था सिर्जना भएको बताउनुभयो ।

उहाँले अबको एक-दुई वर्ष बहुमतको सरकार बनाउन गाह्रो हुने र बहुमतको सरकार बनिहाले पनि टिकाउन गाह्रो हुने उहाँले बताउनुभयो ।

यो निर्वाचन परिणामले मुलुक अस्थिरतातर्फ जाने खतरा बढेको तर्क गर्नुभयो ।


# 'वीर विक्रम २' हिन्दी भाषामा प्रदर्शन हुँदै

रासस
काठमाडौं, ८ मंसिर

केही समय अगाडि मात्र नेपाली चलचित्र 'प्रेम गीत ३' हिन्दी भाषामा स्वराङ्कन भएर प्रदर्शन भएको थियो । छिमेकीमुलुक भारतमा नेपाली चलचित्रको बजार खोज्ने उद्देश्यले निर्माता तथा निर्देशकले उक्त चलचित्रलाई हिन्दी भाषामा स्वराङ्कन गरिएको बताएका थिए। सोही पथमा अर्को नेपाली चलचित्र 'वीर विक्रम २' पनि देखिएको छ । नेपाली भाषामा प्रदर्शन भइसकेको चलचित्र हिन्दीमा स्वराङ्कन गरिएको हो ।

मिलन चाम्सको निर्माण तथा निर्देशनमा बनेको उक्त चलचित्र भारतको हलमा नभइ ओएसआर इन्टरनेसनल नामक युट्यब च्यानलमार्फत प्रदर्शन हुँदैछ । सञ्चालक ओम प्रकाश अग्रवालले डिजिटल माध्यमबाट दर्शक खोज्ने प्रयास थालिएको जानकारी दिनुभयो । "युट्युबमा रिलिज गरेर हिन्दी भाषी दर्शकलाई आकर्षित गर्न सकिन्छ भनेर सुरू गर्दैछौं । यस चलचित्रलाई लिएर आइरहेको प्रतिक्रिया सकारात्मक छन्", सञ्चालक अग्रवालले भन्नुभयो,"साउथ इन्डियन फिल्म पनि स्वराङ्कन गरेर युट्युबकै माध्यमले नर्थ इन्डियामा बजार विस्तार गरिएको हो । हामीले पनि बजार विस्तारकै लागि यो माध्यम अपनाएका हौँ ।" उहाँले डिसेम्बर १ मा 'वीरविक्रम २' प्रदर्शन भएपश्चात् 'सुश्री सम्पति' पनि तयारमा रहेको बताउनुभयो । एक हप्तादेखि पन्ध्र दिनभित्रमा दोस्रो चलचित्र दर्शकमाँझ पुऱ्याउने सञ्चालक अग्रवालको तयारी छ । "अन्य पाँच फिल्म स्वराङ्कनको लागि तयार छन् । यी दुई फिल्मको प्रतिक्रियाले हामीलाई अगाडि बढ्ने बाटो देखाउने छ", उहाँले भन्नुभयो । आफ्नो चलचित्र हिन्दीमा आउँदा खुसी लागेको निर्देशक चाम्सले बताउनुभयो । "हाम्रो काम हिन्दी भाषीकहाँ पनि पुग्दैछ। खुसी लागेको छ। हिन्दी स्वराङ्कन निकै राम्रो गरिएको छ", उहाँले भन्नुभयो ।


## हार्दिक समवेदना



जन्म
१९८९/०१/१६ गते

स्वर्गारोहण
२०७९/०७/२७ गते

**स्व. रमादेवी कोइराला**

यस बुढानिलकण्ठ टोलविकास संस्था, पोखरा-४, गणेशटोल निवासी, संस्थाका पुर्व अध्यक्ष श्री शिवजी कोइराला तथा शुभेच्छुक गणेशदत्त कोइरालाकी ममतामयी आमा, संस्थाका सल्लाहकार श्री प्रभा कोइराला तथा शुभेच्छुक रेनुका कोइरालाकी सासुआमा **रमादेवी कोइराला**को ९० वर्षको उमेरमा स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**शारदा प्रसाद कोइराला**
*अध्यक्ष तथा*
**बुढानिलकण्ठ टोलविकास संस्था परिवार**
पोखरा-४, गणेशटोल


# पर्वतबाट प्रतिनिधिसभा र प्रदेशसभा सबैमा एमाले विजयी



पोखरापत्र संवाददाता
पर्वत, ८ मंसिर

प्रतिनिधिसभाका लागि एक निर्वाचन क्षेत्र रहेको पर्वतमा नेकपा (एमाले)ले विजयी हासिल गरेको छ। प्रतिनिधिसभा सदस्यमा एमालेका पदम गिरी निर्वाचित हुनुभएको छ।

साथै, दुवै प्रदेशसभामा पनि एमालेका उम्मेदवार विजयी भएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालय पर्वतका अनुसार प्रदेशसभा १ मा भक्त कुँवर र प्रदेशसभा २ मा मित्रलाल बस्याल विजयी हुनुभएको हो। कार्यालयका अनुसार प्रतिनिधिसभामा गिरीले नेपाली कांग्रेसका उम्मेदवार अर्जुनप्रसाद जोशीलाई दुई हजार दुई सय ६३ मतान्तरले पछाडि पार्दै विजयी हुनुभएको हो । गिरीले २९ हजार आठ सय ७२ मत प्राप्त गर्नुभएको छ। जोशीले २७ हजार छ सय नौ मत ल्याउनुभयो।

प्रदेशसभा १ मा एमालेका भक्त कुँवरले नेकपा (माओवादी केन्द्र)का उम्मेदवार सुदीप कुँवरलाई पराजित गर्नुभयो । कुँवरले १६ हजार ८१ मत प्राप्त गर्दा प्रतिस्पर्धी । माओवादी केन्द्रका उम्मेदवार कुँवरले १३ हजार सात सय ४२ मत प्राप्त गर्नुभयो । प्रदेशसभा २ मा एमाले उम्मेदवार मित्रलाल बस्यालले १४ हजार एक सय ३२ मत ल्याई विजयी हुँदा नेपाली कांग्रेसका उम्मेदवार ऋषिकेश तिवारीले १२ हजार दुई सय १० मत प्राप्त गर्नुभयो। जिल्लाका ६१ वडामा ६६ हजार दुई सय २६ मत खसेको थियो।

# २३ वर्षपछि म्याग्दीमा कांग्रेसको जीत

पोखरापत्र संवाददाता
म्याग्दी, ८ मंसिर

नेपाली कांग्रेस म्याग्दीले २३ वर्ष पछि पहिलो पटक जिल्लामा प्रतिनिधिसभा सदस्यको निर्वाचन जितेको छ । यसअघि कांग्रेसले २०५६ सालमा जीत हासिल गरेको थियो । आसन्न निर्वाचनमा म्याग्दी कांग्रेसका सभापतिसमेत रहनुभएका खमबहादुर गर्वुजा (खमवीर) तेस्रो पटकको प्रयासमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको हो।

विसं २०५६ मा नेपाली कांग्रेसको तर्फबाट नेपाली सेनाका सेवा निवृत्त म्याग्दीका कर्नेल नारायणसिं पुन विजयी हुनुभएको थियो । गर्वुजा यसअघि विसं २०७० को आमनिर्वाचनमा नेकपा (एमाले)का नवराज शर्मा र २०७४ सालको निर्वाचनमा एमालेकै भूपेन्द्रबहादुर थापासँग पराजित हुनुभएको थियो। त्यसैगरी विसं २०६४ मा समानुपातिकतर्फ नाम सिफारिस हुनुभए पनि सांसद हुन भने पाउनुभएन । तर आइतबार सम्पन्न निर्वाचनमा लोकतान्त्रिक-वामगठबन्धनको तर्फदेखि उम्मेदवार बन्नुभएका गर्बुजाले तेस्रो प्रयासमा फराकिलो मतान्तरले विजय प्राप्त गर्नुभएको हो ।

गर्बुजाले २४ हजार २१ मत प्राप्त गर्नुभएको छ भने उहाँका प्रतिद्धन्द्वी नेकपा एमालेका हरिकृष्ण श्रेष्ठले २० हजार एक सय ८९ मत प्राप्त गर्नुभयो । जिल्लामा ८६ हजार एक सय २० मतदाता रहेकोमा ५० हजार छ सय २५ मत खसेको थियो । निर्वाचित भएसँगै गर्बुजाले आफ्नो जीतलाई म्याग्दीवासीको जित भएको बताउनुभयो। "म जनताको सेवक भएर काम गर्ने छु, मेरो सामर्थ्यले भ्याएसम्म म्याग्दीलाई विकासको फल चखाउने प्रयास गर्ने छु", उहाँले भन्नुभयो।

गर्बुजाले बेलायती सेनाबाट अवकाश लिई विसं २०५४ मा नेपाली कांग्रेसमा आवद्ध भएदेखि निरन्तररुपमा राजनीति गर्दै आउनुभएको छ । विसं २०५४ मा तरुणदलको सदस्यता लिएर म्याग्दीको विकासका लागि होमिनुभएका गर्बुजाको २०२२ सालमा रघुगङ्गा गाउँपालिका-४ मा पर्ने दग्नाम गाउँमा जन्मनुभएको थियो । गर्बुजा २०६७ सालमा सम्पन्न नेपाली कांग्रेस म्याग्दीको पाँचौं जिल्ला अधिवेशनबाट जिल्लाकार्यसमितिको उपसभापति र २०७२ सालमा सम्पन्न छैठौं जिल्ला अधिवेशन र २०७८ सालमा सम्पन्न सातौं जिल्ला अधिवेशनबाट सभापतिमा निर्वाचित हुनुभएको थियो।

# कुन पार्टीका को-को विजयी भए ?

रासस
काठमाडौं, ८ मंसिर

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतगणना जारी छ। प्रतिनिधिसभा सदस्यका लागि कूल एक सय ६५ मध्ये एक सय ६२ स्थानमा मतगणना जारी छ । तीन जिल्लाका तीन निर्वाचन क्षेत्रमा भने मतगणना सुरु हुन सकेको छैन । स्याङ्जा निर्वाचन क्षेत्र नं २, बाजुरा निर्वाचन क्षेत्र नं १ र दोलखा निर्वाचन क्षेत्र नं १ मा अझै मतगणना सुरु भएको छैन ।

निर्वाचन आयोगका अनुसार साँझ ७:३० सम्म प्रतिनिधिसभाको प्रत्यक्षतर्फ ५६ निर्वाचन क्षेत्रको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ । आयोगका अनुसार नेपाली कांग्रेस १९, नेकपा (एमाले) १४, नेकपा (माओवादी केन्द्र) छ, नेकपा (एकीकृत समाजवादी) पाँच, राष्ट्रिय प्रजातन्त्र पार्टी तीन, राष्ट्रिय स्वतन्त्र पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी दुई/दुई तथा जनता समाजवादी पार्टी र नेपाल मजदुर किसान पार्टी एक/एक स्थानमा विजयी भएका छन् ।

जारी मतगणनामा कांग्रेसले ३४, एमालेले ३३, माओवादी केन्द्रले ११, राष्ट्रिय स्वतन्त्र पार्टी छ, एकीकृत समाजवादी र जनता समाजवादीले पाँच/पाँच, राष्ट्रिय प्रजातन्त्र पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीले दुई/दुई निर्वाचन क्षेत्रमा अग्रता कायम गरेका छन् । कांग्रेसबाट झापा १ मा विश्वप्रकाश शर्मा, ओखलढुङ्गा-१ मा रामहरि खतिवडा, रौतहट ४ मा देवप्रसाद तिमलसेना, पर्सा २ मा अजयकुमार चौरसिया, सिन्धुली १ मा श्यामकुमार घिमिरे, रसुवा १ मा मोहन आचार्य, काठमाडौं १ मा प्रकाशमान सिंह, काठमाडौं ३ मा सन्तोष चालिसे र काठमाडौं ४ मा गगनकुमार थापा निर्वाचित हुनुभएको छ।

काठमाडौं १० मा राजेन्द्रकुमार केसी, भक्तपुर २ मा दुर्लभ थापा क्षेत्री, ललितपुर १ मा उदय शम्शेर राणा, मनाङ १ मा टेकबहादुर गुरुङ, मुस्ताङ १ मा योगेश गौचन थकाली, म्याग्दी १ मा खमबहादुर गर्बुजा, सुर्खेत २ मा हृदयराम थानी, अछाम २ मा पुष्पबहादुर शाह, दार्चुला १ मा दिलेन्द्रप्रसाद बडू र डडेल्धुरा १ मा शेरबहादुर देउवा विजयी हुनुभएको छ । एमालेबाट ताप्लेजुङ १ मा योगेशकुमार भट्टराई, झापा १ मा केपी शर्मा ओली, धनकुटा १ मा राजेन्द्रकुमार राई, सोलुखुम्बु १ मा मानवीर राई, उदयपुर २ मा अम्बरबहादुर रायमाझी, सिरहा १ मा रामशङ्कर यादव, पर्सा २ मा राजकुमार गुप्ता, ललितपुर ३ मा प्रेमबहादुर महर्जन, कास्की २ मा विद्या भट्टराई, पर्वत १ मा पदम गिरी, गुल्मी २ मा गोकर्णराज विष्ट, अर्घाखाँची १ मा टोपबहादुर रायमाझी, प्यूठान १ मा सूर्यबहादुर थापा र बाँके १ मा सूर्यप्रसाद ढकाल निर्वाचित हुनुभएको छ।

माओवादी केन्द्रबाट खोटाङ १ मा रामकुमार राई, सिन्धुली २ मा लेखनाथ दाहाल, गोरखा २ मा पुष्पकमल दाहाल 'प्रचण्ड', रुकुमपूर्व १ मा पूर्णबहादुर घर्ती मगर, रोल्पा १ मा वर्षमान पुन र जाजरकोट १ मा शक्तिबहादुर बस्नेत विजयी हुनुभएको छ । एकीकृत समाजवादीबाट रौटहट १ मा माधवकुमार नेपाल, दैलेख १ मा अम्मरबहादुर थापा, अछाम १ मा शेरबहादुर कुँवर, बझाङ १ मा भानुभक्त जोशी र डोटी १ मा प्रेमबहादुर आले निर्वाचित हुनुभएको आयोगले जनाएको छ।

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीबाट झापा ३ मा राजेन्द्रप्रसाद लिङ्देन, बाँके २ मा धवलशम्शेर राणा र जुम्ला १ मा ज्ञानबहादुर शाही, राष्ट्रिय स्वतन्त्र पार्टीबाट काठमाडौं ७ मा गणेश पराजुली, ललितपुर ३ मा तोसीमा कार्की, लोकतान्त्रिक समाजवादी पार्टीबाट सर्लाही १ मा रामप्रकाश चौधरी र रुपन्देही ४ मा सर्वेन्द्रनाथ शुक्ल निर्वाचित हुनुभएको छ। जनता समाजवादी पार्टीबाट पर्सा १ मा प्रदीप यादव, नेपाल मजदुर किसान पार्टीबाट भक्तपुर १ मा प्रेम सुवाल, जनमत पार्टीबाट सप्तरी २ मा चन्द्रकान्त राउत, मोरङ ५ मा स्वन्तन्त्र उम्मेदवार योगेन्द्र मण्डल, रौतहट ३ मा प्रभू साह र बर्दिया २ मा लालवीर चौधरी विजयी हुनुभएको छ।

# पौडेलको छैटौं पटक संसद् यात्रा

रासस
दमौली, ८ मंसिर

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल तनहुँ-१ बाट प्रतिनिधिसभा सदस्यमा फराकिलो मतान्तरले विजयी भएर छैटौं पटक संसदमा प्रवेश गर्नुहुने भएको छ ।

वरिष्ठ नेता पौडेलले यसअघि विसं २०४८ मा साविकको तनहुँ-१ र त्यसपछि तनहुँ-२ बाट विसं २०५१, २०५६, २०६४ र २०७० बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । वरिष्ठ नेता पौडेल २०७४ को निर्वाचनमा तत्कालिन वामगठबन्धनका कृष्णकुमार श्रेष्ठसँग छ हजारभन्दा बढी मतान्तरले पराजित हुनुभएको थियो ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९ अन्तर्गत तनहुँ-१ बाट निर्वाचित भएर पौडेलले छैटौं पटक संसदको यात्रा तय गर्नुभएको हो । यसका लागि पौडेलले नेकपा (एमाले)का एकबहादुर रानालाई पाँच हजार तीन सय ७५ मतान्तरले पराजित गर्नुभयो । कुल ६६ हजार एक सय ५८ मत खसेकामा खसेको कुल मतमध्ये चार हजार मत बदर भएको छ । पौडेलले २५ हजार तीन सय १८ मत प्राप्त गर्नुभएको सहायक निर्वाचन अधिकृत मीनबहादुर कुँवरले जानकारी दिनुभयो । प्रतिस्पर्धी रानाले १९ हजार नौ सय ४३ मत प्राप्त गर्नुभएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका विकास सिग्देलले छ हजार



आठ सय ७८, स्वतन्त्र उम्मेदवार गोविन्दराज जोशीले छ हजार आठ सय ७८, राप्रपाका विनोद घर्तीले दुई हजार चार सय ८३ मत प्राप्त गर्नुभएको छ । जिल्लाको अधुरा रहेका विकास योजनालाई निरन्तरता दिन उम्मेदवार बनेको बताउँदै आउनुभएका पौडेलले कार्यकारी पदमा रहेर काम गर्ने इच्छा रहेको बताउनुभएको छ ।

देशमा सुशासन र विकासका लागि कार्यकारी पदमा बस्ने चाहना भएको बताउँदै पौडेललाई तनहुँबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि उक्त बाटो खुलेको नेपाली कांग्रेस तनहुँका सचिव लक्ष्मीभक्त खनालले बताउनुभयो । विसं २००१ को असोजमा तनहुँको रिस्ती गाविसस्थित बाहुनपोखरामा जन्मिनुभएका पौडेल १६ वर्षको उमेरदेखि नै राजनीतिमा लाग्नुभएको थियो । नेपाली कांग्रेसद्वारा सञ्चालित २०१८ को सशस्त्र क्रान्तिमा पौडेलले सहभागिता जनाउनुभएको थियो।पौडेल २०२३ सालमा सरस्वती क्याम्पसका विद्यार्थी युनियन सभापति निर्वाचित हुनुभएको थियो । २०२७ सालमा नेपाल विद्यार्थी सङ्घको स्थापनामा पौडेल पनि सहभागी हुनुभएको थियो ।

पौडेल २०४८ सालमा तनहुँ-१ बाट पहिलो पटक प्रतिनिधिसभामा निर्वाचित हुनुभएको थियो । उहाँ यसबीचमा उपप्रधान तथा गृह, स्थानीय विकास, कृषि, सञ्चारमन्त्री भइसक्नुभएको छ । उहाँले सभामुखको जिम्मेवारी पनि निभाउनुभएको छ । माओवादी शान्ति प्रक्रियामा आएपछि पौडेल शान्ति सचिवालयको संयोजक पनि हुनुहुन्थ्यो । पौडेलले त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर गर्नुभएको छ । जिल्लाका दुई प्रतिनिधिसभा र चार प्रदेशसभा सदस्यमध्ये नेपाली कांग्रेसले दुवै प्रतिनिधिसभामा विजय हासिल गरेको छ । यस्तै नेपाली कांग्रेसले दुई प्रदेशसभा, नेकपा (एमाले) र नेकपा (माओवादी) केन्द्रले एक/एक प्रदेशसभामा विजयी हासिल गरेका छन् ।

नेपाली कांग्रेसले तनहुँको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ र २ मा विजयी भएको छ । साथै, निर्वाचन क्षेत्र नं १ प्रदेशसभा १ नेपाली काङ्ग्रेसका अशोककुमार श्रेष्ठ विजयी हुनुभएको छ । श्रेष्ठले १५ हजार तीन सय ६७ मत प्राप्त गर्नुभएको छ भने प्रतिस्पर्धी नेकपा (एमाले) का रामबहादुर गुरुङले ११ हजार एक सय ५५ मत प्राप्त गर्नुभएको छ । साथै, सोही क्षेत्रको प्रदेशसभा २ मा नेकपा (माओवादी केन्द्र)का हरिबहादुर चुमान विजयी हुनुभएको छ । चुमानले १३ हजार दुई सय ७१ मत प्राप्त गर्नुभएको छ । प्रतिस्पर्धी नेकपा (एमाले) का पूर्णबहादुर गुरुङले दश हजार पाँच सय तीन मत प्राप्त गर्नुभएको छ । निर्वाचन क्षेत्र नं २ को प्रदेशसभा १ मा नेकपा (एमाले) का श्यामराजा महत निर्वाचित हुनुभएको छ । महतले १५ हजार छ सय ६५ मत प्राप्त गर्नुभएको छ भने प्रतिस्पर्धी वाम लोकतान्त्रिक गठबन्धनबाट नेकपा (माओवादी) का राजेन्द्रकेशरी न्यौपानेले १३ हजार आठ सय ९९ प्राप्त गर्नुभयो ।

साथै, सोही क्षेत्रको प्रदेशसभा २ मा नेपाली काङ्ग्रेसका जीतप्रकाश आले विजयी हुनुभएको छ । आलेले १३ हजार आठ सय ६० मत प्राप्त गर्नुभएको छ । प्रतिस्पर्धी नेकपा (एमाले) का केदार सिग्देलले १३ हजार दुई सय २० मत प्राप्त गर्नुभयो । तनहुँ क्षेत्र नम्बर २ को प्रतिनिधिसभा सदस्यमा नेपाली काङ्ग्रेसका शङ्कर भण्डारी विजयी हुनुभएको छ । भण्डारीले ३० हजार छ सय चार मत प्राप्त गर्नुभएको छ । प्रतिस्पर्धी नेकपा (एमाले) का किरण गुरुङले २५ हजार एक सय ३० मत प्राप्त गर्नुभयो ।

# एक लाख १५ हजार म्यादी प्रहरीको बिदाइ

पोखरापत्र संवाददाता
पोखरा, ८ मंसिर

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको सुरक्षाका लागि भर्ना गरिएका म्यादी प्रहरी बिहीबारदेखि बिदा भएका छन् ।

देशभरका विभिन्न प्रहरी कार्यालयबाट भर्ना भएका एक लाख १५ हजार म्यादी प्रहरी आजदेखि बिदा भएका नेपाल प्रहरीका सहप्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो ।

"जहाँजहाँबाट म्यादीमा भर्ना हुनुभएको थियो, उहाँहरूलाई आज सोही कार्यालयबाट बिदाइ गरियो", उहाँले भन्नुभयो । छोटो समयको तालिमका बाबजुद तोकिएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरी निर्वाचनलाई सफल बनाउन सहयोग गरेकामा धन्यवादसहित म्यादीलाई बिदाइ गरिएको उहाँले बताउनुभयो । जिल्ला प्रहरी कार्यालय र मातहतको कार्यालयबाट प्रमाणपत्रसहित म्यादी प्रहरी घर फर्किएका छन् । निर्वाचन सुरक्षाका लागि सरकारले गत असोजमा ४० दिनका लागि म्यादी प्रहरी भर्ना गरेको थियो । सेवाको अवधिमा म्यादी प्रहरीले पाउने सेवासुविधा तथा पारिश्रमिक उनीहरूको बैंक खातामा जम्मा गरिदिने प्रहरीले जनाएको छ । विकासको जिम्मा गठबन्धनलाई प्राप्त भएको महसुस गरेको उहाँले उल्लेख गर्नुभएको छ । उहाँले निर्वाचनले दिएको सन्देशको गम्भीर विश्लेषण गरी आजको आवश्यकता सुशासन, समृद्धि र विकासलाई ध्यान दिँदै राष्ट्रिय राजनीतिमा तनहुँको प्रतिष्ठाजनक भूमिका स्थापित गर्दै समग्र मुलुक र तनहुँ जिल्लाको विकास गर्न आम जनताको साझा प्रतिनिधिकारूपमा कार्य गर्ने र देशलाई सुशासन दिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

उहाँले यस निर्वाचनलाई सम्पन्न गर्न सहयोग पुर्याउने सम्पूर्ण मतदाता, निर्वाचन आयोग, निर्वाचनमा अहोरात्र खटिनुभएका सबै कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी, निर्वाचन पर्यवेक्षक तथा गठबन्धनका सहयात्री दललगायत आम तनहुँबासीलाई समेत आभारसहित धन्यवाद ज्ञापन गर्नुभएको छ ।

# समानुपातिकतर्फ एमाले अग्रता कायम

रासस
काठमाडौं, ८ मंसिर

प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा (एमाले) को अग्रता कायमै देखिएको छ । बिहीबार अपराह्न ७:४५ बजेसम्म निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट तथ्याङ्कअनुसार एमालेले सात लाख १४ हजार सात सय तीन मत प्राप्त गरेको छ ।

नेपाली कांग्रेसले छ लाख ७७ हजार एक सय ६०, राष्ट्रिय स्वतन्त्र पार्टीले तीन लाख ३९ हजार दुई सय १०, नेकपा (माओवादी केन्द्र) ले तीन लाख १५ हजार आठ सय ८०, राष्ट्रिय प्रजातन्त्र पार्टीले एक लाख ६४ हजार दुई सय ७८, नेपाल मजदुर किसान पार्टीले ५२ हजार छ सय ६९, जनता समाजवादी पार्टी नेपालले ९६ हजार चार सय तीन, जनमत पार्टीले ५५ हजार तीन सय १५, नागरिक उन्मुक्ति पार्टीले ५३ हजार सात सय ८१ र नेकपा (एकीकृत समाजवादी) पार्टीले ४६ हजार नौ सय ८३ र लोकतान्त्रिक समाजवादी पार्टी नेपालले ३७ हजार पाँच सय ६४ मत प्राप्त गरेका छन् । प्रदेशसभाको समानुपातिकतर्फ प्रदेश १ मा एमालेले एक लाख ४० हजार चार सय ६४, कांग्रेसले एक लाख २६ हजार पाँच सय ५०, माओवादी केन्द्रले ४८ हजार नौ सय ६६, राष्ट्रिय प्रजातन्त्र पार्टीले ४६ हजार आठ सय ५७ र जनता समाजवादी पार्टी, नेपालले २१ हजार नौ सय ४४ मत प्राप्त गरेका छन् । मधेस प्रदेशमा कांग्रेसले ६० हजार छ सय ९४, एमालेले ४७ हजार तीन सय ९५, जनता समाजवादी पार्टी नेपालले ३८ हजार सात सय ५६, जनमत पार्टीले ३४ हजार आठ सय ६५ र माओवादी केन्द्रले १९ हजार एक सय १० मत प्राप्त गरेका छन् । बागमती प्रदेशमा एमालेले एक लाख २५ हजार नौ सय ९३, कांग्रेसले एक लाख १४ हजार चार सय पाँच, राष्ट्रिय प्रजातन्त्र पार्टीले ८७ हजार तीन सय ७९, नेपाल मजदुर किसान पार्टीले ५५ हजार दुई सय ४६ र माओवादी केन्द्रले ४५ हजार दुई सय २२ मत प्राप्त गरेका छन् । गण्डकीमा एमालेले एक लाख ५१ हजार नौ सय ६६, कांग्रेसले एक लाख ३७ हजार छ सय ५३, माओवादी केन्द्रले ७५ हजार पाँच सय दुई, राष्ट्रिय प्रजातन्त्र पार्टीले २५ हजार तीन सय ५६ र नेकपा (एकीकृत समाजवादी) नौ हजार एकसय ८४ मत प्राप्त गरेका छन् । लुम्बिनी प्रदेशमा एमालेले एक लाख ८० हजार तीन सय ९५, कांग्रेसले एक लाख ५२ हजार एकसय ३७, माओवादी केन्द्रले ५३ हजार सात सय ३७, राप्रपाले ४३ हजार चार सय ८८ र नागरिक उन्मुक्ति पार्टीले २१ हजार पाँचसय ११ मत प्राप्त गरेका छन् । कर्णाली प्रदेशमा माओवादीले ३७ हजार चार सय ४८, एमालेले २१ हजार आठ सय २१, कांग्रेसले १४ हजार चार सय १२, नेकपा (एकीकृत समाजवादी) ले चार हजार आठ सय ४१, राप्रपाले दुई हजार सात सय ५० र नेपाल मजदुर किसान पार्टी एक हजार दुई सय ४१ मत प्राप्त गरेका छन् । सुदूरपश्चिम प्रदेशमा एमालेले नौ हजार पाँच सय ३३, कांग्रेसले सात हजार ८६, माओवादी केन्द्रले पाँच हजार दुई सय ७३, राप्रपाले एक हजार चार सय ७१ र नागरिक उन्मुक्ति पार्टीले दुई हजार तीन सय ३५ मत प्राप्त गरेका छन् ।

# अध्यक्ष नेपाल छैटौं पटक संसद्मा

रासस
काठमाडौं, ८ मंसिर

संसद्कै ठूलो कम्युनिष्ट पार्टी नेकपा(एमाले)बाट विद्रोह गरी गठन भएको नेकपा(एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपाल छैटौं पटक सङ्घीय संसद्मा प्रवेश गर्नुभएको छ ।

उहाँ रौतहट क्षेत्र नं १ बाट ३३ हजार पाँच सय २२ मत ल्याई निकटतम प्रतिद्वन्द्वी एमालेकै अजयकुमार गुप्तालाई फराकिलो मतले पराजित गर्दै विजयी हुनुभएको हो । नेपाली कांग्रेसले नेतृत्व गरेको वर्तमान लोकतान्त्रिक वाम गठबन्धनबाट सरकारको एक घटक एकीकृत समाजवादीका नेता नेपाल सोही गठबन्धनका सहयोगमा प्रतिनिधिसभामा पुन सफल हुनुभएको छ । यसअघि



विसं २०४८ देखि २०५६ सम्म राष्ट्रियसभा सदस्य तथा प्रमुख विपक्षी दलका नेता रहनुभएका नेपाल विसं २०५६, २०६५, २०७० र २०७४ मा पनि प्रतिनिधिसभा सदस्य हुनुहुन्थ्यो । उहाँले विसं २०५० सालदेखि २०६५ वैशाखसम्म नेकपा (एमाले) महासचिवको जिम्मेवारी सम्हाल्नुभएको थियो ।

विसं २०६६ जेठदेखि २०६७ माघसम्म प्रधानमन्त्री हुनुभएका अध्यक्ष नेपाल त्यसअघि एमालेका अध्यक्ष मनमोहन अधिकारीका नेतृत्वमा रहेको मन्त्रिमण्डलमा विसं २०५१ मङ्सिरदेखि २०५२ भदौसम्म परराष्ट्र र रक्षामन्त्रालयको कार्यभारसहित उपप्रधानमन्त्री हुनुहुन्थ्यो । विसं २०२२ देखि वामपन्थी विद्यार्थी सङ्गठनबाट राजनीतिमा संलग्न हुनुभएका उहाँ विसं २०२६ मा नेकपा(पुष्पलाल समूह)मा आवद्ध हुनुभयो । उहाँसँग नेकपा सचिवालय सदस्य एवं विदेश विभाग प्रमुखको जिम्मेवारी सम्हालेको अनुभव पनि छ । 'नेपाल अधिराज्यको संविधान २०४७' संविधान सुझाव आयोगका सदस्य तथा संविधानसभा, संवैधानिक समितिका सभापति भएर उहाँले काम गर्नुभयो । पिता मङ्गलकुमार र माता दुर्गादिवी उपाध्यायका कोखबाट विसं २००९ फागुन २३ गते रौतहटमा जन्म भई राजनीतिक आन्दोलनका क्रममा १६ वर्ष भूमिगत तथा पटक-पटक गरी दुई वर्ष ६ महिना बन्दी जीवन बिताउनुभएका नेता नेपाल शाही शासनकालमा घरमै नजरबन्द हुनुभएको थियो ।

निष्ठावान् राजनीतिज्ञका रूपमा आफूलाई परिचित गराउन चाहने अध्यक्ष नेपालले मुलुकको शान्तिप्रक्रियामा ठूलो भूमिका खेल्नुभएको छ । उहाँको 'जनताको बहुदलीय जनवाद' र 'जनता जाग्दैछन्', शीर्षक कृति प्रकाशन हुनाका साथै उहाँसँग सम्बन्धित 'संसद्मा माधव नेपाल', 'प्रधानमन्त्री माधव नेपाल'का मन्तव्यलगायत कृति पनि सार्वजनिक भएका छन् ।


## श्रीपति बचत तथा ऋण सहकारी संस्था लि.
### पोखरा-९, कास्की

### तपसिलमा उल्लेखित ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सूचना

यस श्रीपति बचत तथा ऋण सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित ऋणीहरुले यसै संस्थाबाट लिएको ऋण/कर्जाको समय समयमा तिर्नु, बुझाउनुपर्ने साँवा, ब्याज, विलम्ब शुल्क र अन्य दै दस्तुर यसै संस्थासँग गरेको सम्झौता बमोजिम नियमित रुपमा तिर्ने बुझाउनको लागि पटक पटक मौखिक लिखित तर ताकेता गरिएकोमा हालसम्म पनि तिर्न बुझाउनुपर्ने रकम, साँवा, ब्याज लामो समयसम्म बुझाउन नआउनुभएको हुँदा संस्थाको कर्जा नियमावली र प्रचलित कानुन बमोजिम कानुनले दिएको अधिकार प्रयोग गरी संस्थाको नियम अनुसार लिलाम बिक्रीद्वारा असुल उपर गर्नका लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । साथै धितो जग्गाले संस्थाको लेना रकम असुल उपर हुन नसकेमा थप धितो साथै जमानी दिनेको सम्पत्ती समेत रोक्का राखी असुल उपर गरिने हुँदा लेनादेना रकम चुक्ता/भुक्तानी गराई सम्पत्ति तथा इज्जतको उचित संरक्षण गर्न गराउनुहुन विशेष अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | ऋणीको नाम : हिरादेवी पोखेल<br>ठेगाना : सल्यान -६<br>पतिको नाम : विष्णु पोखेल पाध्या<br>ससुराको नाम : शशिधर पाध्या |  | जग्गाः साबिक फराकचौर-५, तनहुँ<br>कित्ता नं. : ४२१<br>क्षेत्रफल : ५०८/७४ व.मि. |
| २. | ऋणीको नाम : सुजन कुमार श्रेष्ठ<br>ठेगाना : पोखरा म.न.पा-८<br>बाबुको नाम : परशुराम श्रेष्ठ<br>बाजेको नाम : हर्क बहादुर श्रेष्ठ |  | जग्गाः साबिक फराकचौर-८, तनहुँ<br>कित्ता नं. : ५२५<br>क्षेत्रफल : १५८.९८ व.मि. |
| ३. | ऋणीको नाम : रमेश पौडेल<br>ठेगाना : ढिकुरपोखरी-७<br>बाबुको नाम : रामेश्वर पौडेल<br>बाजेको नाम : प्रजापति पौडेल |  | जग्गाः साबिक ढिकुरपोखरी-९, कास्की<br>कित्ता नं. : ९९२<br>क्षेत्रफल : ७०५.४५ व.मि. |
| ४. | ऋणीको नाम : गृ बहादुर परियार<br>ठेगाना : मनपाङ-१, तनहुँ<br>बाबुको नाम : लाल बहादुर परियार<br>बाजेको नाम : लक्ष्मण परियार |  | जग्गाः शु.न.पा-६, ढोरफिर्दी, तनहुँ<br>कित्ता नं. : १४५<br>क्षेत्रफल : १८०८.४१ व.मि. |
| | ऋणीको नाम : सरस्वती परियार<br>ठेगाना : खैरेनीटार-८, तनहुँ<br>पतिको नाम : गृ बहादुर परियार<br>ससुराको नाम : लाल बहादुर परियार |  | जग्गाः मनपाङ-१, तनहुँ<br>कित्ता नं. : ३०५<br>क्षेत्रफल : १९०.७८ व.मि. |
| ५. | ऋणीको नाम : मुक्ति ब. पाइजा<br>ठेगाना : बेनी न.पा-१<br>बाबुको नाम : चन्द्र बहादुर पाइजा<br>बाजेको नाम : रामभक्त पाइजा |  | जग्गाःसाबिकढिकुरपोखरी-५,कास्की<br>कित्ता नं. : ७३३<br>क्षेत्रफल : ३०१०.६३ व.मि. |
| | ऋणीको नाम : अनिता पाइजा<br>ठेगाना : पाल्लेखेत-४, म्याग्दी<br>पतिको नाम : मुक्ति बहादुर पाइजा<br>ससुराको नाम : चन्द्र बहादुर पाइजा |  | |
| | ऋणीको नाम : सुनिता श्रेष्ठ<br>ठेगाना : नाम्लीवाङ-३, पर्वत<br>पतिको नाम : दल बहादुर श्रेष्ठ<br>बाबुको नाम : जीवन कुमार श्रेष्ठ |  | |
| ६. | ऋणीको नाम : नसिमा नेशा<br>ठेगाना : गोलागन्ज-९, बारा<br>बाबुको नाम : लालबाबु मिया चुरिहार |  | जग्गाः गोलागन्ज-९, बारा<br>कित्ता नं. : ७६१<br>क्षेत्रफल : ०-१-०-१३ |